# मनसुनको आपतकालीन कार्य योजना

# २०७६

योजना तयार पार्नेः
जिल्ला विपद् व्यवस्थापन समिति
नुवाकोट

## बिषय सूची

### परिच्छेद १

१. परिचय
१.१ जिल्लाको समष्टिगत वस्तु स्थिति
क. भौगोलिक अवस्था, सिमा तथा क्षेत्रफल
ख. जनसंख्या
ग. जल प्रवाह प्रणाली
घ. जिल्लाको विपद् तथा बाढी पहिरो संकटासन्नताको अवस्था

### परिच्छेद २

२. योजनाको तयारीको अवस्था, उद्देश्य र आवश्यकता
२.१ योजना तयारीको विद्यमान अवस्था
२.२ कार्य योजनाको उद्देश्य
२.३ योजनाको आवश्यकता
२.४ योजनाको अपेक्षित उपलब्धि
२.५ कार्य योजनाका सीमाहरु

### परिच्छेद ३

३. क्षमता विष्लेषण तथा भौतिक स्रोत
३.१ क्षमता विश्लेषण
३.२ भौतिक स्रोत
३.२.१. खोज तथा उद्धार सामग्रीहरु

### परिच्छेद ४

४. जिम्मेवारी तथा योजना
४.१ सम्वद्ध निकाय तथा जिम्मेवारी
४.२ मनसुनको आपतकालीन कार्य योजना

# परिच्छेद १

## १. परिचय

बर्षातको समयमा जिल्लामा बाढी पहिरो लगायतका बिपदजन्य घटनाहरु हरेक बर्ष आउने गरेको छ । यस्ता बिपद्जन्य घटना आउन नदिन दीर्घकालिन योजनाहरु आवश्यक पर्ने हुन्छ भने हामीले गर्ने काम कारबाहीहरुलाई पनि वातावरण मैत्री बनाउँनु जरुरी छ ।जिल्लाको भौगोलिक अवस्थिति तथा त्रुटिपूर्ण बिकास गतिबिधि समेतका कारण बर्षातका समयमा आउने बिपद्हरुलाई रोक्न तत्काल सम्भव छैन । तत्कालका लागि बिपद जोखिमको पहिचान गरी त्यसको प्रभाब न्युनीकरण गर्न पूर्व तयारी तथा को लागि यो मनसुनको आपतकालीन कार्य योजना-२०७६ तयार गरिएको छ।

यो योजनाको सफल कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल,जिल्लाका बाह्रवटै स्थानीय विपद् व्यवस्थापन समिति, विपद् क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैरसरकारी निकायहरुको मुख्य भूमिका हुनेछ।समन्वय र स्वयंसेवक परिचालनमाजिल्ला समन्वय समिति,राजनैतिक दल र नागरिक समाजको अग्रणी भूमिका रहने छ।

## १.१ जिल्लाको समष्टिगत वस्तु स्थिति

### क. भौगोलिक अवस्था, सिमा तथा क्षेत्रफल

नुवाकोट जिल्ला नेपालको ३ नम्बर प्रदेश अन्तर्गत एक पहाडी जिल्ला हो । उत्तरमा रसूवा जिल्लासँग सिमाना जोडिएको झण्डै अर्धचन्द्राकारको रुपमा पुर्ब पश्चिम फैलिएर रहेको भौगोलीक बनावटमा पहाडी भुभागको अंश ७१ प्रतिशतलेकाली भूभागको अंश १८ प्रतिशत तथा टार, बेसी र समथर भूभागको अंश ११ प्रतिशत रहेको छ भने नुवाकोट जिल्लाको अवस्थिती २७°४५'देखि २८°२०'उत्तरी अक्षांश सम्म र ८५°०'देखि ८५°४५'पुर्बी देशान्तर सम्म फैलिएको छ । समुन्द्र सतहबाट न्युनतम ४५७ मिटर देखि अधिकतम ५१४४ मिटर उचाई सम्म भु धरातल रहेको यस जिल्लाको क्षेत्रफल ११२१ वर्ग कि.मि.छ । यो जिल्ला राजधानीसँग समेत जोडिएको ऐतिहासीक, राजनैतिक, भौगोलीक, दृष्टिकोणले नेपालकै महत्वपूर्ण स्थान ओगटेको छ । ऐतिहासीक धरोहर तथा पुरातात्वीक संरचनाको रुपमा ७ तले दरवार तथा धार्मीक संरचनाको रुपमा भैरबी मन्दिर, दूप्चेश्वर महादेब मन्दिर समेत यस जिल्लामा अवस्थीत छ ।

### ख. जनसंख्या बनावट

नुवाकोट जिल्लामा नेपालको कुल जनसंख्याको १.२५ प्रतिशत मानिसहरु बसोबास गर्दछन् । यो जिल्लामा कूल जनसंख्या २,८८,४७८ रहेको छ । पूरुष ४८ प्रतिशत महिला ५२ प्रतिशत रहेकोछ। हिन्दु५७.९५ प्रतिशत ,बौद्ध ४०.३६ प्रतिशत र अन्य १.६९ प्रतिशत धर्मावलम्बीहरु रहेको छन । जात जातीको हकमा तामाङ्ग ४२.९प्रतिशत,ब्राम्हण १८.९ प्रतिशत,क्षेत्री १२.६प्रतिशत,नेवार ७.४प्रतिशत,राई ३.६प्रतिशत तथा अन्य जातीहरु १४.६प्रतिशत, जनघनत्व २५७ कि.मि.रहेको छ।

### ग.जल प्रवाह प्रणाली

विभिन्न स्थानहरुवाट वग्ने नदी तथा खोलाहरु र उच्च पहाडीक्षेत्रमा रहेका ताल तलैयाहरुनै जिल्लाका प्रमुख जलसम्पदाहरु हुन् । त्रिशुली , सूर्यामती र तादी जस्ता मुख्य नदीहरु र तलाखु,लिखु, कुमरी, फलाखु,

सिन्दुरे, छत्रे, कोल्पु लगायतका अन्य साना नदीहरु लगायत सूर्य कुण्ड,सागर कुण्ड, बोल्देही ताल जस्ता ताल तलैयाहरुले जिल्लाको जलाधार क्षेत्रमा महत्वपूर्ण स्थानओगटेका छन् वर्तमान समयमा नदी खोलाबाट बालुवा, ढुंगा, गिट्टी उत्खनन् गर्ने कार्यबाट पहिरो, भूक्षय तथा पानीका स्रोत खस्किने चुनौती बढ्दै गएको देखिन्छ ।

## घ.जिल्लामा भएका विपद घटनाहरु :

**क.भुकम्प** :- विश्वका भुकम्पीय खतरा युक्त देश मध्ये ११ औं जोखिमयुक्त भएको र गत वर्षको महाभुकम्पले पारेको असर वाट समेत जिल्लाका केही स्थानका घरहरु, बिद्यालयहरुमा असर देखिएको छ । ग्रामिण भेगमा प्राय कच्ची घरहरु हुने भएकाले भत्कन गई धनजनको क्षति हुनेसक्ने विगतको अनुभवले देखाउछ । २०७२ वैशाख १२ र २९ गते गएको महाभुकम्पबाट यस जिल्लामा पनि अधिकांश घरहरुमा आशिंक रुपमा क्षती पुऱ्याएको अबस्था छ । नुबाकोटमा महाभुकम्पले ११२ ज्यान गएको र १०५० घाइते भएका छन ।

**ख. बाढी/पहिरो** :- वर्षायाममा हुने अविरल वर्षाका कारण यस जिल्लासँग जोडिएका पहाडी जिल्लाको माथिल्लो तटिय क्षेत्रको पहाडी भु-भागमा बर्षेनी पहिरो गई रहने गर्दछ । यसै अनुरुप यस जिल्लाको प्राय: सवै तल्लो तटिय क्षेत्रमा बाढी गई मानविय तथा धनजनको क्षति हुने गरेको पाइन्छ । **जिल्लामा बाढि पहिरोबाट उच्च, मध्यम र न्यून जोखिममा रहेका साविकका गा.वि.स.हरु निम्न रहेका छन् ।**

| संकटासन्नताको तह | **साविक गा.वि.स / न.पा** | **गाविसहरु** |
|---|---|---|
| उच्च | २१ | मनकामना, गेर्खु, बागेश्वरी, फिकुरी, बर्सुन्चेत, ओखरपौवा, महाकाली,साल्मे, गाँउखर्क, सुन्दरादेवी, रालुकादेवी, पञ्चकन्या, कल्याणपुर, ध्याङफेदी, लच्याङ, किम्ताङ, सामरी, बुङताङ,देउराली, जिलिङ, दुईपिपल, |
| मध्यम | ३२ | चारघरे, खरानीटार, बेलकोट, मदानपुर, थानसिंङ, बेतिनि, समुन्द्रटार, भद्रुटार, उर्लेनी, नर्जामण्डप, गणेशथान, भाल्चे, सुर्यमति, चाउथे, तारुका, बुधसिं, कुमरी, सिक्रे, चौघडा, खाँनीगाँउ, तुप्चे, कविलास, गोर्स्याङ, दाङसिङ, बालकुमारी, चतुराले, लिखु, राउतबेसी, समुन्द्रादेवी, शिखरवेसी, हल्लेकालिका, छाप |
| न्युन | ९ | विदुर न.पा., ककनी, काउले, खड्कभञ्याङ, सुनखानी, थप्रेक, रातमाटे, तलाखु |

**स्रोत: मनसुन प्रतिकार योजना २०७५**

**साथै जिल्लाका जोखिम पूर्ण बस्ति हरुको स्थानान्तणको अवस्था निम्न बमोजम रहेको छ।**

No of Vulnerable HHs

| **क.स.** | **वडा** | **साविक गा.वि.स** | **बस्ती सारेको ठाउँ** | **बस्ती बसाई सराई को संख्या** | **सहयोगी संस्था** | **घर निमार्णमा सहयोग** |
|---|---|---|---|---|---|---|
| १. दुप्चेश्वर गा.पा. | १ | घ्याङफेदी | दुप्चेश्वर ३, रामति | ७४ | पिपुल इन निड आत्मनिर्भर केन्द्र | अक्सफाम,कार्ड सन |
| २. तादी गा.पा. | १ | उर्लेनी | तादी गा.पा.–३ खरानीटार,बुदुने | ७३ | पिपुल इन निड आत्मनिर्भर केन्द्र | अक्सफाम,कार्ड सन |
| ३. सूर्यगडी गा.पा. | १ | लच्याङ | सुर्यगढी–४, हल्दीकालिका | १४ | पिपुल इन निड,आत्मनिर्भर केन्द्र | अक्सफाम,केसी डिसी |
| | २ | बागेश्वरी | | | | |
| ४. लिखू गा.पा | ३ | सुर्यमती | | | | |
| ५. तारकेश्वर गा.पा | ५ | गोरस्याङ | | | | |
| ६. स्यागङ गा.पा | ४ | किम्ताङ | स्यागङ गा.पा - ४ किम्ताङ | २४ | पिपुल इन निड आत्मनिर्भर केन्द्र | अक्सफाम, केसीडिसी |
| ७. किस्पाङ गा.पा | ४ | साल्मे | | | | |
| | १ | भाल्चे | विदुर न.पा -९ जफती | १८ | पिपुल इन निड आत्मनिर्भर केन्द्र | अक्सफाम,साहेता |
| ८. शिवपुरी | ५ | महाकाली | | | | |
| ९ सुर्यगढी गा.पा | ४ | हल्देकालिका | सुर्यगढी गा.पा - ४ बेलडाडा | ४ | पिपुल इन निड आत्मनिर्भर केन्द्र | |

**ग. आगलागी** :-सुख्खा मौसममा अधिराज्यको समस्या जस्तै यस यस जिल्लाको पनि मुख्य समस्या वनेको छ। जनचेतनाको कमी, बारी तथा खन्यानको भ्यास (घुऱ्यान) डढाउने क्रममा जंगलमा आगो लगाउर्ने र सलाई, चुरोट, विडी जस्ता आगो जन्य वस्तुहरु लापरवाही रुपमा प्रयोग गर्नाले खास गरी चैत्र देखि जेष्ठ सम्म आगलागीका घटनाहरु भई रहने गर्दछ। तर कतिपय स्थानहरुमा राम्रो घाँस र मलको आशमा जानवुझी आगो लगाई दिने प्रचलन रहेको छ।

# परिच्छेद २

## २. योजनाको तयारीको अवस्था, उद्देश्य र आवश्यकता

### २.१ योजना तयारीको विद्यमान अवस्था

जिल्ला स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७५ तयार पारी नियमित रुपमा अद्यावधिक गर्ने गरिएको छ । यहि प्रतिकार्य योजनाको मार्गदर्शनको आधारमा मनसुनको पूर्व तयारीकालागि मनसुन पूर्व तयारी योजना २०७४ सालमा तयार गरी कार्यान्वयनमा ल्याईएको थियो। तत्पश्चात हरेक बर्ष मनसुन शुरु हुन पूर्व यसलाई अद्यावधिक गर्ने गरिएको छ ।बर्षादका समयमा आउनसक्ने विपदको पूर्वानुमान र प्रतिकार्यका लागि यहि मनसुन प्रतिकार्य योजनालाई आधार मान्ने गरिएको छ।

सबैखाले बिपदको आँकलन, पूर्व तयारी तथा प्रतिकार्यको नेतृत्व तथा समन्वयका लागि जिल्ला स्तरमा जिल्ला विपद् व्यवस्थापन समिति रहेको छ। स्थानीय स्तरमा स्थानीय विपद् व्यवस्थापन समितिहरुगठन भएकाछन । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणर कार्यान्वयनका बिभिन्न चरणमा जिल्लामा कार्यरत विभिन्न सरकारी, गैरसकारी निकायले जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग सहकार्य गर्दै आएका छन् ।

### २.२ कार्ययोजनाको उद्देश्य

बर्षातका समयमा सृजना हुन सक्ने जोखिमहरुको बिश्लेषण गर्दै त्यस प्रति सजग रहन, राहत तथा उद्धार कार्यकालागि जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, सम्बन्धित गाउँपालिका तथा नगरपालिकाहरुको साथै स्थानीय समुदायको प्रभावकारी परिचालन गरी राहत तथा उद्धार कार्य योजनाबद्ध रुपमा छिटो छरितो र विश्वसनीय बनाउनु यस योजनाको मुख्य उद्देश्य रहेको छ ।

### २.३ आवश्यकता

नेपालको विद्यमान संविधानको भाग-४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धी नीति (९) मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनस्थापना गर्ने भन्ने उल्लेख भएको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ले समेत विपद् व्यवस्थापनका सवालमा स्थानीय तहका काम, कर्तव्य तथा अधिकारहरु स्पष्ट रुपमा व्यवस्था गरेको छ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा आएसँगै दैवी प्रकोप उद्धार ऐन २०३९ खारेज भएको छ। नयाँ ऐनको परिच्छेद ७को दफा १६(२)मा जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार “जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागु गर्ने, गराउने“ भनिएको छ।

विद्यमान ऐनको भावना तथा मर्मलाई आत्मसात गर्दै नेपाल सरकार गृह मन्त्रालयको परिपत्र तथा निर्देशन समेतलाई हृदयगंम गरी जिल्ला स्तरमा मनसुन पूर्व तयारी कार्य योजना तयार गरिएको हो। स्थानीय

तहमा सबै नगरपालिकालेगाँउ/नगर र समुदाय स्तरमा मनसुन पूर्व तयारी कार्य योजना तयार गरी तयारी अवस्थामा रहन जिल्ला विपद् व्यवस्थापन समितिमार्फत अनुरोध गरिएको छ।

यस योजनाको तयारीबाट चालु बर्षका अतिरिक्त आगामी बर्षहरुकालागि समेत योजना तयारी र कार्यान्वयनकालागि मार्गदर्शन हुने विश्वास लिइएको छ।जिल्लाको जनसंख्याको ठूलो हिस्सा मनसुनको जोखिममा रहन सक्ने अवस्थामा विपद्संग सम्बद्ध सबै निकाय एवं तहलाई बढी जिम्मेवार बनाउन यसको महत्वपूर्ण भूमीका हुने विश्वास लिइएको छ।

## २.४ अपेक्षित उपलब्धि

यो योजनाको तयारी पश्चात निम्न उपलव्धि हाँसिल भएको हुनेछः

1) मनसुनका कारण उत्पन्न हुने जोखिमकोपूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुगेको हुने छ।
2) मनसुनका कारण उत्पन्न हुनसक्ने विपद् प्रतिकार्यकालागि सम्बद्ध निकाय तयारी अवस्थामा रहेका हुने छन्।
3) अविरल बर्षाबाट निम्तिने जोखिमबाट बच्नस्थानीय संचार माध्यमबाट सन्देशमुलक सूचना प्रवाह भएको हुने छ।
4) विपद्को घटना घटेको अवस्थामा सम्बद्ध निकायले खेल्न सक्ने भूमिका स्पष्ट भएको हुनेछ।
5) राहत संकलन एवं उद्धारको लागि सरकारी तथा गैरसरकारी निकायहरुको अधिकतम परिचालन भएको हुने छ।
6) तयारी योजना किताव मनसुनबाट सृजित जोखिमको प्रतिकार्यको निम्ति मार्गदर्शन हुनेछ।

## २.५ योजनाको सीमा

प्रस्तुत मनसुनको आपतकालीन कार्य योजना-२०७६ समग्र जिल्लालाई एउटै इकाईं मानेर एकिकृत रुपमातयार पारिएको छ। यद्यपि मनसुनको समयमा देखिन सक्ने विपदबाट पर्ने सामाजिक आर्थिक वा भौतिक असर विभिन्न समुदाय वा स्थानीय तह पिच्छे फरक हुन सक्छ।

अतः यस योजनालाई स्थानीय तहबाट सुक्ष्म ढंगबाट विश्लेषण गरी तहाँबाट तयार पारिने विपद् पूर्व तयारी योजनाहरुमा समेट्नु पर्ने हुन्छ।योजना मुताविक तय भएका कार्यक्रमहरु कार्यान्वयन गर्न एवं विपद्को समयमा तत्कालराहत एवं उद्धार कार्यका लागि स्थानीय तहबाट आवश्यक बजेटको व्यवस्थासमेत हुनु पर्ने देखिन्छ।स्थानीय तहले स्थानीय स्तरमा मनसुन पूर्व तयारी कार्य योजना बनाउदा प्रस्तुत कार्य योजनालाई एक खाका र मार्गदर्शनको रुपमा लिन सक्ने छ।स्थानीय तहले तयार पारेको योजना कार्यान्वयनमा जिल्ला विपद् व्यवस्थापन समितिले समन्वयकारी भूमिका रहन्छ।

# परिच्छेद ३

## ३. क्षमता विश्लेषण तथा भौतिक स्रोत

### ३.१जिल्ला विपद् व्यवस्थापन समिति

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा निकाय, विभिन्न विषयगत अगुवा कार्यालयहरु, नेपाल रेडक्रस सोसाईटी तथा अन्य बिभिन्न गैससहरु समेतको प्रतिनिधित्व हुने गरि जिल्ला स्तरमा जिल्ला बिपद् ब्यवस्थापन समिति गठन भएको छ। यो समितिले विपद् ब्यवस्थापन नेतृत्व र समन्वय गर्दछ ।

- प्रमुख जिल्ला अधिकारी — अध्यक्ष
- जिल्ला समन्वय समितिको प्रतिनिधि — सदस्य
- जिल्ला भित्रका स्थानीय तहका अध्यक्ष तथा प्रमुख — सदस्य
- स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख — सदस्य
- जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु — सदस्य
- जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुख वा प्रतिनिधि — सदस्य
- राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि — सदस्य
- नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख — सदस्य
- गैरसरकारी महासङ्घको जिल्लास्थित प्रमुख — सदस्य
- नेपाल पत्रकार महासङ्घको जिल्लास्थित प्रमुख — सदस्य
- उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख — सदस्य
- प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत सदस्य — सचिव

### ३.२ स्थानिय विपद् व्यवस्थापन समिति

**विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन ऐन २०७४ को दफा १७मा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरेको । उक्त व्यवस्था अनुसार नगर प्रमुख वा अध्यक्षको संयोजकत्वमा तोकिए बमोजिम समिति रहने छ भन्ने व्यवस्था भएको ।**

## ३.२. भौतिक स्रोत

## ३.२.१. खोज तथा उद्धार सामग्रीहरु

| क.सं. | विषय | परिमाण | निकायको नाम | कै |
|---|---|---|---|---|
| १. | उद्दार सामाग्री विवरण | | नेपाली सेना श्रीनाथ गण | |
| | १.वाटर प्रुफ लाईफ ज्याकेट | ३९ | | |
| | 2. Retro Reflective Vest | ७ | | |
| | ३.सेफ्टी भेष्ट | ११ | | |
| | ४.सेफ्टी हेलिमेट | १० | | |
| | ५.वाटर पम्प | ३ | | |
| | ६.सेतो छालाको पञ्जा | १० | | |
| | ७.प्लाष्टिकको पहेंलो हेलमेट | ७ | | |
| | ८.चांदे | ५ | | |
| | ९.स्वाटर | २ | | |
| | १०.जेनेरेटर २.५ के.भि. | १ | | |
| | ११.पिक | १० | | |
| | १२.सावेल | १० | | |
| | १३.डिल मेशिन | ४ | | |
| | १४.वायर कटिङ्ग | ४ | | |
| | १५.फलामे स्टेचर | ४ | | |
| | १६.रेनकोट | ६ | | |
| | १७.ट्राफिक ज्याकेट | ५ | | |
| | १८.प्लाष्टिकको सेतो हेलमेट | ५ | | |
| | १९.सेपल्टी ग्लोव | ५ | | |
| | २०.उईन्टर ग्लोव | ५ | | |
| | २१.ह्यामर (सानो) | ५ | | |
| | २२.चस्मा | ३ | | |
| | २३.मिनि लाईट | १० | | |
| | २४.हेड लाईट | ९ | | |
| | | | | |
| | १. वाटर प्रुफ ज्याकेट | २० | नेपाल प्रहरी जिल्ला प्रहरी कार्यालय नुवाकोट | |
| | २.डोरी | ५०० | | |
| | ३.बेल्चा | १४५ | | |
| | ४.पिक | ४५ | | |
| | ५.स्टेचर | ७ | | |
| | ६.त्रिपाल | १० | | |
| | ७.पहेलो हेल्मेट | २० | | |
| | १.पिक | २ | सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गुल्म, नुवाकोट | |
| | २.सावेल | २ | | |
| | ३ट्युव | २ | | |
| | ४.डोरी | ५०मि. | | |
| | ५.बाल्टीन | २ | | |
| | ६.बन्चरो | १ | | |
| | १. टारपोलीन | ५० | स्थानिय आपतकालिन | |

| | | | | |
|---|---|---|---|---|
| | २.रबर म्याट्रेस | ५० | **कार्यासंचालन केन्द्र विदुर नगरपालीका** | |
| | ३.लाईफ ज्याकेट | १५ | | |
| | ४.रोप | २०० मि. | | |
| | ५.हेलमेट | १५ | | |
| | ६. रबर बुट | १५ जोर | | |
| | ७. स्ट्रेचर | १० | | |
| | ८.हेन्ड माइक | २ | | |
| | ९. दमकल | १ | | |
| | १०.बाल्टिन | १० | | |
| | ११.गल | ५ | | |
| | १२.बेल्चा | १० | | |
| | १३.गैंटी | १० | | |
| | १४.फायर एक्सटेनगुईसर | २ | | |
| | १५. टर्च लाईट | ५ | | |
| | १६. साईरन | ३ | | |
| | १७. रबर पञ्जा | २० जोर | | |
| | १८.प्राथमिक बाकस | २ सेट | | |
| | १.गल | ५ | **नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा** | |
| | २.डोरी | १०० मि. | | |
| | ३.साबेल | ५ | | |
| | ४.लाईफज्याकेट | २ | | |
| | ५. बन्दोबस्ति झोला | ६ | | |
| | ६. हाते माईक | ४ | | |
| | ७.प्राथमिक उपचार झोला | १० | | |
| | ८.स्टेचर | ६ | | |

## ३.२.२.तत्काल राहत सामग्रीहरु

विपद्को समयमा तत्काल राहत स्वरुप सामग्रीहरु उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी र स्थानिय आपतकालिन कार्यसंचालन केन्द्र विदुर नगरपालिकासँग देहाय बमोजिमको सामग्रीहरु तत्काल मौज्दात रहेको छ।

| २ | **राहत सामाग्रि विवरण** | | | |
|---|---|---|---|---|
| | १.टेन्ट, त्रिपाल | केहि थान रहेको | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | २.कम्बल | ५० | स्थानिय आपतकालिन कार्यासंचालन केन्द्र विदुर नगरपालीका | |
| | ३.त्रिपाल, भाडा, कपडा, कम्बल, | २५ सेट | नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा | |
| | ४. अस्थाई सौचालय निमार्ण सामाग्रि | १० सेट | | |

स्रोत: विपद् व्यवस्थापन समिति २०७६ बैशाख

### ३.२.३.सुरक्षित स्थानको व्यवस्था

विपद्को समयमा सुरक्षित तवरले वस्न सक्ने गरि जिल्लामा सुरक्षित स्थानको पहिचान गर्ने काम भएको छ ।तिमध्ये केही देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | ठेगाना | स्थल | कैफियत |
|---|---|---|---|
| १. | विदुर न.पा. ४ | बट्टार बस पार्क | |
| २. | विदुर न.पा. ४ | आर्दश बहुमुखी क्याम्पसको मैदान, बट्टार | |
| ३. | विदुर न.पा. १ | त्रिभुवन त्रिशुली उच्च.मा.वि.त्रिशुलीको मैदान, | |
| ४. | विदुर न.पा. १ | इन्द्रयणी चौर | |
| ५. | विदुर न.पा. | हेलीप्याड चौर, कोलनी | |
| ६. | विदुर न.पा. | भैरवी मा.वि.अशोकबाटिका मैदान | |
| ७. | म्यगाङ गा.पा. | म्यगाङ चौर | |
| ८. | तादी गा.पा. | अम्मरज्योती क्याम्ससको मैदान | |
| ९. | शिवपुरी -६ | सूर्यचौर | |
| १०. | लिखु गा.पा.१ | भैरवी मन्दिर परिपार चौर | |
| ११. | लिखु गा.पा. १ | नारायण देवी उच्च.मा.वि.को मैदान, | |
| १२. | ककनी गा.पा. | ककनी डाँडा | |
| १३. | सूर्यगढी गा.पा. | बोरे भञ्ज्याङ | |

### ३.२.४.सामुहिक आवास भवनहरु

भूकम्प पश्चात तत्काल र भविश्यमा हुन सक्ने जोखिमबाट जोगाउन पिडितलाई स्थाई व्यवस्था नभएसम्मकालागि कम्तिमा बसोबासको सुविधा उपलब्ध गराउने उदेश्यले साविकका गा.वि.सहरुमा गरि ७ वटासामुहिक आवास निर्माण कार्य सम्पन्न भई विपद् व्यवस्थापन समितिले सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिएको छ।

नेपाल सरकारबाट यस जिल्लामा ७ वटा स्थानमा सुरक्षित स्थानमा आपातकालिन आवास को निमार्ण सम्पन्न भई स्थानीय तह लाई हस्तानतरण गरिएको छ।

| **क.स** | **साविक स्थान** | **हाल को स्थान** | **क्षमता** | **कैफियत** |
|---|---|---|---|---|
| १ | बुधसिङ्ग | तारकेश्वर गा.पा-४ | १६ परिवार | |
| २ | बर्सुन्चेत | मेघाङ्ग गा.पा-१ | १६ परिवार | |
| ३ | उर्लेनी | तादी गा.पा-१ | १६ परिवार | |
| ४ | थानसिङ्ग | लिखु गा.पा-५,६ | १६ परिवार | |
| ५ | तुप्चे | बिदुर ना. पा-७,८,९ | १६ परिवार | |
| ६ | जिलिङ्ग | बेलकोट ना. पा-८,९ | १६ परिवार | हाल बेलकोटगढी न.पा.को कार्यालय रहेको |
| ७ | औखरपौवा | ककनी गा.पा-१,२ | १६ परिवार | |

# परिच्छेद ४

## ४. जिम्मेवारी तथा योजना

### ४.१ सम्वद्ध निकाय तथा जिम्मेवारी

जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५ मा आधारित भई  मनसुनको समयमा गर्नुपर्ने पूर्वतयारी तथा प्रतकार्यको सन्दर्भमा विभिन्न निकायहरुको भूमिका र जिम्मेवारी निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>▪ आवश्यकता अनुसार प्रदेश तथा केन्द्रीय स्तरमा सहयोग(मानवीय, आर्थिक र भौतिक)को लागि समन्वय गर्ने। |
| २. | सुरक्षा निकाय(नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी) | सुरक्षा निकाय प्रमुख | ▪ खोज तथा उद्धार कार्यका लागि सक्रिय रहने<br>▪ जोखिमको समयमा सुरक्षा व्यवस्था गर्ने ।<br>▪ बिषयगत समितिमा रही सहयोग गर्ने । |
| ३. | जिल्ला समन्वय समिति | जिल्ला समन्वय समिति प्रमुख | ▪ स्थानीय तहहरूसँग समन्वय गर्ने।<br>▪ विपद् सम्बन्धि सूचना संकलनमा सहजिकरण गर्ने।<br>▪ अनुगमन गर्ने। |
| ४. | गाउँपालिका तथा नगरपालिका | प्रमुखहरु | ▪ जोखिमबाट प्रभावित हुन सक्ने जनसंख्याको पहिचान गर्ने।<br>▪ जोखिमयुक्त ठाँउ, बस्ती तथा समुदायको पहिचान गरी पूर्व तयारीका योजना तर्जुमा गर्ने।<br>▪ गाँउपालिका तथा नगरपालिकास्तरको मनसुन पूर्व तयारी कार्य योजना तयार पार्ने।<br>▪ तत्काल उद्धारकोलागि आवश्यक सामग्रीको व्यवस्थापन गर्ने।<br>▪ आवश्यकताअनुसार जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने। |

| | | | |
|---|---|---|---|
| ५. | राजनैतिक दलहरू (जिल्ला तथा स्थानीय स्तर | दलका प्रमुखहरू | ▪ जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यकतानुसार सल्लाह, सहयोग र मार्गदर्शन प्रदान गर्ने।<br>▪ स्रोत संकलनका लागि समन्वयकारी भूमीका निर्वाह गर्ने।<br>▪ स्थानीय तथा जिल्लास्तरमा जनपरिचालनमा सहयोग पु-याउने। |
| ६. | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ प्रबन्धकारी भूमिका निर्वाह गर्ने।<br>▪ खाद्य/गैरखाद्य सामग्री तथा अस्थायी आवासको व्यवस्थापनगर्ने।<br>▪ सूचना सङ्कलन तथा सम्प्रेषणका लागि स्वयंसेवक परिचालन गर्ने।<br>▪ प्रकोपको समयमा आपत्कालिन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने। |
| ७. | सघं तथा प्रदेश अन्तर्गतका विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरू | ▪ विषयगत समितिमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने।<br>▪ सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने। |
| ८. | उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ उद्योग वाणिज्य संघमा आवद्ध व्यवसायीहरुलाई राहत सामग्री संकलन तथा वितरणकालागि आवश्यक समन्वय गर्ने।<br>▪ सुख्खा तथा तयारी खाना जस्तैः चिउरा, भुजा, बिस्कुट आदि, खाद्य सामग्री संकलन, वितरण र व्यवस्थापनमा सघाउने।<br>▪ जाडो मौसममा आवश्यक हुने न्यानो कपडा तथा समाग्री संकलन, वितरण र व्यवस्थापनमा सघाउने। |
| ९. | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरू र जनशक्ति उपलब्ध गराउने। |
| १०. | नेपाल पत्रकार महासंघ | संचार माध्यम, एफ.एम. र सञ्चार कर्मीहरू | ▪ तथ्यपरक सूचना संकलन तथा सम्प्रेषण गर्न संचार कर्मी र संचार माध्यामसँग समन्वय गर्ने।<br>▪ मनसुनको समयमा जनचेतनामूलक सूचना प्रवाह गर्न संचार कर्मी र संचार माध्यमसँग समन्वय गर्ने। |

| | | | |
|---|---|---|---|
| ११. | निर्माण व्यवसायी, कृषक तथा जल उपभोक्ता, सामुदायिक वन उपभोक्ता महासंघ लगायतका पेशागत छाता संस्थाहरु | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग। |
| १२. | गै.स.सं. महासंघ | अध्यक्ष | ▪ जिल्लाका सबै सदस्य गैससहरुसँग समन्वय गर्ने।<br>▪ जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई विपद् प्रतिकार्यकालागि आवश्यक स्रोत संकलनमा सहयोग गर्ने। |
| १३. | अन्तर्राष्ट्रिय गै.स.सहरु | प्रमुख | ▪ विपदको समयमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले माग गरेको प्राविधिक सहयोग उपलब्ध गराउने,<br>▪ आवश्यक स्रोत संकलनमा सहयोग गर्ने,<br>▪ राहत तथा उद्धार सामग्री उपलब्ध गराउने,<br>▪ क्षमता विकास तथा सहजीकरण गर्ने। |

## ४.२ मनसुनको आपतकालीन कार्य योजना २०७६

| क्र.सं | क्रियाकलापहरु | जिम्मेवार निकाय/व्यक्ति | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय/ अधिकारी | अनुगमन सूचकांक |
|---|---|---|---|---|---|---|
| १. | स्थानीय विपद् व्यवस्थापन समिति गठन / पुर्नगठन | सबै स्थानीय तह | स्थानिय गै.स.स | जेठ ७ गते भित्र | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय र जिल्ला समन्वय समिति | समितिको विवरण उपलव्ध भएको हुने छ । |
| २. | बिषयगत क्षेत्र अगुवा सरकारी कार्यालय, सुरक्षा निकाय लगायत विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्य गर्ने निकायहरुसँगको समन्वय बैठक बस्ने । | जिल्ला विपत् व्यवस्थापन समिति | प्र.जि.अ. | आवश्यकता अनुसार | जिल्ला समन्वय समिति प्रमुख | बैठकको माइन्युट |
| ३. | मनसुनको आपतकालीनकार्य योजनाको आधारमा प्रत्येक स्थानिय तहले स्थानीय मनसुन आपतकालिन कार्य योजना तयार गर्ने । | नगरपालिका र गाउँपालीका | जिल्ला प्रशासन कार्यालय ,विषयगत कार्यालय र गैसस | जेष्ठ १५ | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय र जिल्ला समन्वय समिति | स्थानीय मनसुन आपतकालिन कार्य योजना उपलब्ध हुनेछ । |
| ४. | जिल्लामा मनसुन पूर्व तयारी तथा प्रतिकार्यमा क्रियाशिल रहने सरोकारवालाहरुको बिवरण अद्यावधिक गर्ने । | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय | जि.स.स नेपाल प्रहरी ने.रे.सो | बैशाख र जेष्ठ महिना | प्र.जि.अ | सरोकारवालाको सूची उपलब्ध भएको हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | खोज तथा उद्धार टोलीको सूची अद्यावधिक गर्ने । | स.प्र. बल नम्बर १९ गुल्म | सुरक्षा निकायहरुने.रे.सो. | जेष्ठ ७ गते भित्र | प्र.जि.अ | अद्यावधिक खोज तथा उद्धार टोलीको सूची उपलब्ध भएको हुने छ । |
| ६. | मनसुनका कारण घट्न सक्ने विपद् जोखिमकालागि आवश्यक न्यूनतम राहत सामग्रीको व्यवस्थापन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी नुवाकोट, स्थानीय तह | नु.उ.वा महासघं | जेठ, असार | जिल्ला समन्वय समितिप्रमुख, प्र.जि.अ | संकलित सामग्रीको सूची उपलब्ध भएको हुनेछ । |
| ७. | जिल्ला तथा स्थानीय स्तरमा मौजुदा रहेको आपतकालीन उद्धार सामग्रीको सूची अद्यावधिक गर्ने । | सशस्त्र प्रहरी बल नम्बर १९ गुल्म | स्थानीय तह, सुरक्षा निकाय | जेष्ठ १५ भित्र | प्र.जि.अ | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालयमाआपतकालीन उद्धार सामग्रीको सूची अद्यावधिकभएको हुने छ । |
| ८. | जिल्लामा अवस्थित एम्बुलेन्सको सूची अद्यावधिक गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | | बैशाख | प्र.जि.अ | एम्बुलेन्सको अद्यावधिक सूची उपलब्ध भएको हुने छ । |
| ९. | खोज तथा उद्धार क्षेत्रका तालिमप्राप्त दक्ष जनशक्तिहरुको विवरण अद्यावधिक गर्ने । | नेपाल रेडक्रस सोसाइटी | सुरक्षा निकायहरु, गै स स महासंघ | जेष्ठ | प्र.जि.अ, जिल्ला समन्वय समितिप्रमुख, | तालिम प्राप्त दक्ष जनशक्तिको अद्यावधिक विवरण उपलब्ध भएको हुने छ । |
| १०. | मनसुनमा विभिन्न प्रकोपको पूर्व तयारीकालागि प्रचार प्रसार गर्ने । | स्थानिय तह स्थानीय संचार माध्यम | जि.वि.व्या.स | जेष्ठ देखि भाद्रसम्म | जि.स.स प्रमुख ,नेपाल पत्रकार महासंघ | प्रचार प्रसारमा प्रयोग भएको अडियो तथा छापिएको सामग्री उपलब्ध भएको हुने छ । |
| ११. | उद्धार तथा राहतको लागि | जि.प्र.का स्थानीय | समितिका सदश्यहरु | आवश्यकतानुसार | स.प्र.जि.अ, | बैठकको माइन्युट प्रति उपलब्ध |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आवश्यकता अनुसार सरोकारवालाहरुको समन्वय बैठक बस्ने । | तह | | | प्रमुख स्थानीय तह, राजनैतिक दल | भएको हुने छ । |
| १२. | जोखिम देखिएको स्थान तथा समुदायमा राहत सामग्री वितरण गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति | ने.रे.सो. गै स स, उद्योगी ब्यापारी तथा नागरिक समाज | आवश्यकतानुसार | जिल्ला समन्वय समिति, प्र.जि.अ | वितरण भएको सामग्रीको भरपाई र प्रगति प्रतिवेदन उपलब्ध भएको हुने छ । |
| १३. | अविरल बर्षाका कारण विभिन्न प्रकोपबाट प्रभावित हुन सक्ने समुदायको अवस्थाबारे निरन्तर जानकारी लिनेदिने । | स्थानीय तहहरु | स्थानीय सुरक्षा युनिट, स्वास्थ्य कार्यालयहरु, स्थानीय विपद् सम्पर्क व्यक्ति, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, सञ्चार माध्यम | विपद्को घटना घटेपश्चात निरन्तररुपमा | जिल्ला समन्वय समितिप्रमुख,प्र.जि.अ. राजनैतिक दल | प्रभावितहरुको विवरण उपलब्ध भएको हुने छ । |
| १४. | मनसुनका कारण विपद् जोखिमका घटना घटेको खण्डमा प्रभावित गर्भवती, सुत्केरी महिला, बालबालिका, बृद्धबृद्धा तथा असक्त व्यक्तिहरुको तथ्यांक अध्यावधिक गरी अवस्थाबारे जानकारी लिने । | जिल्ला जनस्वास्थ्य कार्यालय | सुरक्षा निकाय | विपद्को घटना घटेपश्चात निरन्तररुपमा | जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति | अद्यावधिक भएको घटनाहरुको विवरण उपलब्ध भएको हुने छ। |
| १५. | राहत वितरणलाई प्रभावकारी बनाउन तथा दोहोरिन नदिन समन्वय, व्यवस्थापन तथा सुपरिवेक्षण गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति | स्थानिय तह गै.स.स | आवश्यकतानुसार | जिल्ला समन्वय समिति जि.प्र.कार्यालय | समन्वय बैठक तथा सुपरिवेक्षणको प्रगति विवरण उपलब्ध भएको हुने छ । |
| १६. | प्रभावित हुन सक्ने समुदायको | जिल्ला स्वास्थ्य | स्थानिय तह | विपद्को सूचना | जिल्ला स्वास्थ्य | बैठकको निर्णय तथा पत्रचार भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी ढंगले संचालन गर्ने । | कार्यालय | | प्राप्त गर्नसाथ | कार्यालय | प्रति उपलब्ध भएको हुनेछ । |
| १७. | मनसुनको आपतकालीन कार्य योजना कार्यान्वयनको प्रगती प्रतिवेदन तयार पार्ने र तालुक निकायमा पेश गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | | आश्विन | प्र.जि.अ, स्थानीय तह प्रमुख | प्रगति प्रतिवेदन उपलब्ध भएको हुनेछ । |
| १८. | समिक्षा बैठक बस्ने । | प्र.जि.अ तथा स्थानीय तहका प्रमुखहरु | समितिका सदस्यहरु | आश्विन | प्र.जि.अ | समिक्षा बैठकको निर्णय प्रति उपलब्ध भएको हुनेछ । |

# क्षेत्रगत अगुवाको नक्साङ्कन र सम्पर्क नम्वर

क जिल्लास्तर

| क्षेत्र | क्षेत्रगत अगुवा | सम्पर्क ब्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|
| समन्वय, खोजी तथा उद्धार | जिल्ला प्रशासन कार्यालय जिल्ला बिपद् व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी | ९८५११४७७७७<br>०१०५६१९३३ |
| खोजी तथा उद्धार | नेपाली सेना .....गण | प्रमुख सेनानि | ९८५१२५९७५४ |
| | नेपाल प्रहरी | प्रहरी उपरिक्षक | ९८५१२९५५५५ |
| | सशस्त्र प्रहरीबल नेपाल नं.१९ गुल्म | सशस्त्र प्रहरी नायब उपरिक्षक | ९८५१२५९४४० |
| आपत्कालीन आश्रयस्थल | सहरी विकास तथा भवन कार्यालय नुवाकोट | कार्यालय प्रमुख | ०१०५६०१७९ |
| आपत्कालीन Logistic समन्वय | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ९८५११४७७७७ |
| खानेपानी स्वास्थ्य सरसफाइ | खाने पानी तथा सरसफाई डिभिजन | डिभिजन प्रमुख | ०१०५६०१६२ |
| आपत्कालीन स्वास्थ्य पोषण | जिल्ला जनस्वास्थ्य कार्यालय | जिल्ला स्वास्थ्य प्रमुख | ०१०५६०२५५ |
| आपत्कालीन शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | प्रमुख | ०१०५६००५७ |
| गैरखाद्य सामग्री | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०१०५६०९७० |
| आपत्कालीन संरक्षण | नगरपालिका तथा गाउँपालिका | नगर प्रमुख तथा गाउँपालिका अध्यक्ष | |
| तत्कालीन पुर्नलाभ | नगरपालिका तथा गाउँपालिका | नगर प्रमुख तथा गाउँपालिका अध्यक्ष | |
| सुचना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र | प्रमुख जिल्ला अधिकारी | ०१०५६१९३३ |
| खाद्य सामाग्री | नुवाकोट उद्योग वाणीज्य संघ | अध्यक्ष | ९८५११००३१३ |

## ख. स्थानीयतहका पदाधिकारीहरुको सम्पर्क नं

| सि.नं. | गा.पा./न.पा.को नाम | प्रमुखको नाम | मोवाईल नं. | उप प्रमुखको नाम | मोवाईल नं. | प्रमुख प्र.अधिकृतको नाम | मोवाईल नं. |
|---|---|---|---|---|---|---|---|
| १. | विदुर नगरपालीका | सन्जु पण्डित | ९८५१०४९७२१ | गीता दाहाल | ९८५११६६८४९ | सुदेव कुमार पोखरेल | ९८५१२५०१११ |
| २. | बेलकोटगढी नगरपालीका | राजेन्द्ररमण खनाल | ९८५१०९९५८३ | कविता दुङ्गना | ९८५११६५७३० | शिव लम्साल | ९८५१२५३०२२ |
| ३. | मेघाङ गाउँपालीका | आशा तामाङ | ९८४१७५१९०८ | शान्ति लामा गुरुङ | ९७५१०४८९२० | प्रमोद तिम्लसेना | ९८५१२५४०३२ |
| ४. | किस्पाङ गाउँपालीका | छत्र बहादुर लामा | ९८५११७३४३३ | मायादेवी घले न्यौपाने | ९८५११३२९७६ | कृष्ण जोशी | ९८६०३६१५४६ |
| ५. | तारकेश्वर गाउँपालीका | रमेश वस्ती | ९८४१२९१०८२ | तारा देवी रिमाल | ९८४१५४८३३० | अशोक प्र दहाल | ९८५१२४६२०६ |
| ६. | सूर्यगढी गाउँपालीका | सन्त बहादुर तामाङ | ९७५१००५२३६ | मन्जु बुढाथोकी | ९८५१०६२०७८ | उत्तम खतिवडा | ९८४१६३५३२६ |
| ७. | लिखु गाउँपालीका | ध्रुव श्रेष्ठ | ९८५१०५३५१६ | रोजिना राई | ९८४९६४७८२४ | सुरज अर्याल | ९८५१२५३०९९ |
| ८. | तादी गाउँपालीका | नारायण प्रसाद पाण्डे | ९८४१४५९६५२ | ईश्वरी उप्रेती | ९८४११६७२०६ | असोक विष्ट | ९८४१२८६५९८ |
| ९. | शिवपुरी गाउँपालीका | रामकृष्ण थापा | ९८४१६३०२७५ | मन्जु के.सी. | ९८१८१४६१२१ | किसन न्यौपाने | ९८५१२५३०६३ |
| १०. | पञ्चकन्या गाउँपालीका | रमेश लामा | ९८४१८६७४२९ | सिता खड्का | ९८४३८२९१४७ | नरेश पुडासैनी | ९८५१२३०१४१ |
| ११. | ककनी गाउँपालीका | मान बहादुर लामा | ९८५१०८२७२७ | सिता लामा | ९८५१२५४१२६ | सन्तोष कु.दाहाल | ९८४१३६४३०७ |
| १२. | दुप्चेश्वर गाउँपालीका | योविन्द्र तामाङ | ९८५१०७१९५३ | अन्जु आचार्य | ९८४९४५७६७५ | रामहरी गजुरेल | ९७५१०८६३३९ |